# प्रेस विज्ञप्ती

## सोल्टी होटल लिमिटेडको ५१औं वार्षिक साधारण सभा सम्पन्न, सभाबाट नयाँ सञ्चालक समिति गठन, तथा श्री दिनेश बहादुर विष्ट कार्यकारी अध्यक्ष नियुक्त ।




**२९ मंसिर २०८२, काठमाण्डौं** - विगत ६० बर्ष देखि नेपालको पर्यटन क्षेत्रको विकासमा निरन्तर महत्वपुर्ण योगदान पुर्‍याउँदै आएको अग्रणी तथा शुप्रशिद्ध पाँचतारे डिलक्स होटेल, सोल्टी होटल लिमिटेडका शेयरधनीहरुको ५१औं बार्षिक साधारण सभा मिति २०८२ मंसिर २८ गते तदनुसार १४ डिसेम्बर २०२५ आइतबारका दिन सौहार्दपूर्ण वातावरणमा सफलतापूर्वक सम्पन्न भई उक्त बार्षिक साधारण साभाबाट नयाँ सञ्चालक समित गठन हुनुका साथै विभिन्न महत्वपूर्ण प्रस्तावहरू सर्वसम्मतिबाट पारित भएका छन् ।

कम्पनीको ५१औँ वार्षिक साधारण सभाले आर्थिक वर्ष २०८१/८२ को **संचालक समितिको वार्षिक प्रतिवेदन** तथा कम्पनीका वित्तीय विवरण समावेश रहेको **एकिकृत आर्थिक विवरणहरु** सर्वसम्मतिबाट पारित गरेको छ ।

कम्पनीको सञ्चालक समितिको प्रस्ताव बमोजिम आर्थिक वर्ष २०८१/०८२ को मुनाफाबाट कम्पनीका शेयरधनीहरुलाई **चुक्ता पूँजीको १६.५७८९४७३७ प्रतिशत नगद लाभांश** दिने सामान्य प्रस्ताव तथा **चूक्ता पूंजीको १५ प्रतिशत बोनस शेयर** वितरण गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गरेको छ ।

कम्पनीको ५१औँ वार्षिक साधारण सभाले कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण गर्नका लागि **जे. बि. राजभण्डारी एण्ड डिविन्स**, चार्टर्ड एकाउण्टेण्टस्, काठमाण्डौंलाई **बैधानिक लेखापरीक्षक नियुक्त** गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव समेत सर्वसम्मतिबाट स्वीकृत गरी पारित गरेको छ ।

कम्पनीको ५१औँ वार्षिक साधारण सभाबाट कम्पनीको सञ्चालक समितिमा संस्थागत शेयरधनीहरु मध्येबाट नियुक्त ५ जना र सर्वसाधारण शेयरधनीहरु मध्येबाट ३ जना सञ्चालकहरु र १ जना स्वतन्त्र संचालक गरी **९ जना रहेको संचालक समिति गठन** भएको छ ।

कम्पनीको सञ्चालक समितिमा संस्थागत शेयरधनी **सोल्टी ईन्टरप्राइजेज प्राइभेट लिमिटेड**को प्रतिनिधित्व गर्ने सो संस्थाको तर्फबाट नियुक्त हुनुभएका ४ जना सञ्चालकहरुमा **श्री दिनेश बहादुर विष्ट, श्री रवि भक्त श्रेष्ठ, श्री राजेश काजि श्रेष्ठ र श्री जया राज्यलक्ष्मी शाह**, रहनु भएको छ भने नेपाल वायुसेवा निगमको प्रतिनिधित्व गर्ने सो संस्थाको तर्फबाट नियुक्त हुनुभएका १ जना सञ्चालकमा **श्री अमृत मान श्रेष्ठ** नियुक्त हुनु भएको छ ।

कम्पनीका सर्बसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने सर्बसाधारण शेयरधनीहरुको तर्फबाट **श्री प्रकाश विक्रम खत्री, श्री शशीराज पाण्डे, र श्री निरञ्जन कुमार टिवरेवाला** सञ्चालकमा निर्वाचित हुनु भएको छ । त्यसैगरी, कम्पनीको ५१औँ वार्षिक साधारण सभाले **डा. माधव गिरी**, लाई स्वतन्त्र सञ्चालक नियुक्त गरेको छ ।

साथै, उक्त साधारण सभाको सम्पूर्ण कामकार्यवाही सम्पन्न भए लगत्तै बसेको कम्पनीको नवगठित सञ्चालक समितिको २६१औं बैठकको सर्वसम्मत निर्णयबाट **श्री दिनेश बहादुर विष्ट, कार्यकारी अध्यक्षमा** नियुक्त हुनु भएको छ ।

**सोल्टी होटल लिमिटेड**